नेपाल सरकार
Government of Nepal
संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय
Ministry of Federal Affairs and Local Development

# जिल्ला विकास समितिको कार्यालय

# Office of the District Development Committee

दुनै, डोल्पा
Dunai, Dolpa
फोन नं. ९७७-०८७-५५००३९, ५५०१७६ फ्याक्स९७७-०८७-५५०१५०, टोल फ्रि नं. १६०८७५५००१
Phone No. 977-087-550039, 550176 Fax: 977-087-550150, Toll Free No. 1608755001

## सूचना ! सूचना !! सूचना !!!!

विज्ञापन नं.: ०३।०७२।०७३

(सूचना प्रकाशित मिति: २०७२।१०।०६)

संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय अन्तर्गत यस जिल्लामा संचालित ग्रामीण सामुदायिक पूर्वाधार विकास कार्यक्रममा चालु आ.व.०७२।०७३ को लागि स्वीकृत अस्थायी दरबन्दी अनुसार रिक्त रहेको इन्जिनियर पद १ (एक) मा सो कार्यक्रमलाई प्रभावकारी बनाउन चालु आ.व. का लागि सेवा करारमा लिई कार्य गराउन आवश्यक भएकोले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र योग्यता पुगेका ईच्छुक उम्मेदवारहरूले यस कार्यालयले तोकेको फारामसाथ तपशिलमा उल्लेखित कागजात सहित (पेश गर्ने कागजपत्रहरुमा आफैले प्रमाणित गरी) दरखास्त पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ। रित नपुगेको र म्याद नाघी आएको दरखास्तउपर कुनै कारवाही हुने छैन। दरखास्त पेश गर्ने अन्तिम मितिमा सार्वजनिक बिदा पर्न गएमा सो बिदा पश्चात् कार्यालय खुलेको दिनलाई अन्तिम मिति मानिनेछ।

### तपशिल

१. परिक्षाको किसिम : लिखित तथा अन्तर्वार्ता
२. उमेर : पुरुष उम्मेदवारको हकमा १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेको र महिलाको हकमा १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको।
३. पदको किसिम : सेवा करार।
४. न्यूनतम योग्यता : मान्यताप्राप्त शिक्षण संस्थाबाट सिभिल ईन्जिनियरिङ्ग विषयमा स्नातक तह वा सो सरह उत्तिर्ण गरेको हुनुपर्नेछ।
५. दरखास्त दस्तुर : रु. १,०००।- (अक्षेरुपी रुपैयाँ एकहजार)।
६. दरखास्त साथ पेश गर्नुपर्ने आवश्यक कागजात : नेपाली नागरिकताको प्रतिलिपी, एस.एल.सी. देखि न्यूनतम योग्यता प्राप्त गरेको तहसम्मको लब्धांकपत्रहरु, चारित्रिक प्रमाणपत्र (न्यूनतम योग्यताको) र तीन प्रति हालसालै खिचिएको पासपोर्ट साइजको फोटो दरखास्त फाराममा टाँस गरी फाईलमा संलग्न राखि पेश गर्नुपर्नेछ। अन्य यस संग सम्वन्धित न्यूनतम भन्दा माथिल्लो योग्यता लगायतका थप कागजातहरु पनि संलग्न गर्न चाहेमा फाराम साथ संलग्न गर्न सकिनेछ।
७. दरखास्त बुझाउने स्थान : जिल्ला विकास समितिको कार्यालय, डोल्पा।
८. तलब : प्रचलित स्केल बमोजिम।
९. लिखित परिक्षा मिति र स्थान : पछि तोकिने छ।
१०. यस सम्वन्धी थप जानकारीका लागि कार्यालय समयभित्र यस कार्यालयमा सम्पर्क गर्न सकिनेछ।

........................

(सन्तोष कुमार दाहाल)
स्थानीय विकास अधिकारी
स्थानीय विकास अधिकारी